## गढी गाउँपालिकाको सातौं गाउँसभाबाट पारित खानेपानी तथा सरसफाई स्वच्छता वास सम्वन्धी नीतिनियम (२०७८।७९)

**१.पूर्ण सरसफाई सम्वन्धी रणनितिक योजना निर्माण :-**

गाउँपालिका अर्न्तगत विभिन्न वडा र टोलवस्तीहरुलाई विभिन्न चरणहरुमा पूर्ण सरसफाई युक्त वडा र टोल बस्ती निर्माण गर्नका लागि भावि योजना निर्माण गर्ने ।

**२.टोलवस्तीहरुको वर्गिकरण :-**

गढी गाउँपालिका अर्न्तगतका विभिन्न वडा स्तरीय टोलबस्तीहरुको वर्गिकरण गरी पूर्ण सरसफाई सम्वन्धी सूचकहरुको कार्यान्वयन गर्ने ।

**३.जनचेतनामुलक सामाग्री प्रसारण तथा प्रकाशन गर्नु पर्ने :-**

पूर्ण सरसफाईका सूचकहरुको प्रयोग गरी सोको समुचित कार्यान्वयनका लागि जनचेतनामुलक सामाग्रिहरुको श्रव्य दृष्य माध्यमबाट विभिन्न टोलवस्तीहरुमा प्रसारण तथा प्रकाशन गर्ने ।

**४.सडक सुरक्षा व्यवस्थापन :-**

गढी गाउँपालिका अर्न्तगतका विभिन्न टोलवस्ती सँग जोडिएका मुख्य सडक र सहायक सडकहरुको सुरक्षाका लागि छाडा गाईवस्तुहरु सडकमा छाड्ने प्रवृतिलाई निरुत्साहित गर्नुका साथै घरेलु घाँस पराल,गाईबस्तुहरुको गोवर,परालको टाली,गुँइठा,दाउरा जस्ता घराइसी प्रयोग हुने बस्तुहरु सडकमा जथाभावि फाल्ने कार्यलाई पूर्ण रुपमा रोक लगाउन आवश्यक व्यवस्था मिलाईने छ ।

**५.पुरस्कार र दण्ड जरिवानाको व्यवसथा :-**

सरसफाईका सम्पूर्ण सूचकहरु पुरा गरे नगरेको अनुगमन गरी अनुगमन समितिको प्रतिवेदनको आधारमा तोकिएका मापदण्ड पुरा गर्ने परिवारलाई पुरस्कृत गर्ने र नियम उल्लङ्घन गर्ने व्यक्तिको पहिचान गरी नगद जरिवाना गर्नुका साथै त्यस्ता व्यक्तिहरुलाई वडा कार्यालय बाट प्रदान गरिने विभिन्न सिफारिस लगायतका सुविधा बाट वञ्चित गर्ने नितिको अवलम्वन गर्ने ।

**६.सरसफाई कार्ड वितरण :-**

गाउँपालिका अर्न्तगतका विभिन्न टोल वस्तिहरुलाई पूर्ण सरसफाईयुक्त टोल घोषणा गर्ने प्रयोजनको लागि लाभग्राहिहरुलाई सरसफाई प्याकेज अर्न्तगत सफाई कार्ड वितरण गर्ने ।

**७.अनुगमन मूल्याङ्कन तथा सुपरिवेक्षण सम्वन्धी व्यवस्था :-**

तोकिए बमोजिम सरसफाई सम्बन्धी अनुगमन समिति गठन गरि सरसफाई सूचकको चेकलिस्टको आधारमा अनुगमन गरी मासिक रुपमा सम्वन्धीत निकायमा प्रतिवेदन पेश गर्ने व्यवस्थालाई कडाईका साथ लागु गर्ने ।

**८.अनुशिक्षण गोष्ठी संचालन :-**

सरसफाईको पहुँच भन्दा टाढा रहेका तथा अशिक्षित ,अल्पसंख्यक ,दलित तथा पिछडिएका वुर्गका व्यक्तिहरुलाई पूर्ण सरसफाई सम्बन्धी चेतना अभिवृद्धि गर्नका लागि लाभग्राही छनौट गरी अनुशिक्षण गोष्ठि कार्यक्रम संचालन गर्ने ।

**९.ढल निकासको उचित व्यवस्थापन :-**

पूर्ण सरसफाईको लागि छनौट टोलवस्तीमा ढलको उचित व्यपस्थापन गर्ने कार्यलाई सरसफाई सूचकमा आबद्ध गरी कार्यान्वयनमा लैजान पर्ने ।

**१०.नमुना टोलबस्ती घोषणा :-**

छनौट भएका विभिन्न टोलबस्तीहरु मध्ये सरसफाई अनुगमन समितिको प्रतिवेदनका आधारमा वडा स्तरीय खानेपानी तथा सरसफाई स्वच्छता समन्वय समितिको वैठकबाट तोकिएको सरसफाई सूचक तथा मापदण्ड पुरा गर्ने टनेलबस्तीलाई नमुना टोलबस्ती घाषणा गर्ने नितीको अवलम्वन गर्ने ।

**११.डम्पीङ्ग साईड निमार्ण :-**

गढी गाउँपालिकालाई पूर्ण सरसफाई युक्त पालिका घोषणा गर्नका लागि रणनितिक कार्ययोजना तर्जुमा गर्दा गाउँपालिका अर्न्तगत उपयुक्त क्षेत्रमा डम्पीङ साईड निर्माण गर्ने कार्यलाई प्राथमिकताको साथ अगाडि बढाउने ।

**१२.अन्तर निकाय समन्वय :-**

पूर्ण सरसफाई युक्त पालिका निर्माण गर्नको लागि विभिन्न स्वास्थ्य संस्था,सुरक्षा निकाय,सार्वजनिक तथा निजि संघ संस्थाहरु ,गैर सरकारी संघसंस्थाहरु लगायतका सरोकारवाला निकाय संग समन्वय र सहकार्य गर्ने नितिको अवलम्वन गर्ने ।